जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

बर्षः ११, अंकः २७२ पृष्ठः ४ | २०८१ फाल्गुन १४ गते बुधबार (Wednesday 26 Feb. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

## किसानको तरकारीले मूल्य पाएन, लगानी नउठ्ने चिन्ता



**आशिष विश्वकर्मा**

सिरहा, १३ फाल्गुन । नेपाली किसान सधैंभरी कुनै न कुनै समस्या झेल्न बाध्ये छन् । कहिले मल, कहिले विउ, कहिले सिंचाईको समस्या भोग्दै आएका किसान अहिले उत्पादनले मूल्य नपाएर मर्कामा परेका छन् । पछिल्ला दिनमा तरकारीको मूलयमा लगातारको गिरावटले सिरहा किसान लगानी नउठने चिन्तामा छन् । काउली, गोलभेडा, भाण्टा, सिमी जस्ता तरकारीले मूल्य नपाएपछि किसानहरु चिन्तित भएका हुन् । अहिले सिरहाका बजारहरुमा किसानले ३ देखि ५ रुपैयाँ किलो गोलभेडा, ६-७ रुपैयाँ किलोको काउली, ३ देखि ५ रुपैयाँ किलो भाण्टा बेच्न बाध्य छन् । यो मूल्यले लगानी हैन उत्पादिन तरकारी टिपेको ज्याला र बजारसम्म पुऱ्याउने भाडासम्म उठ्दैन ।

गोलबजार नगारपालिका ३ का किसान निरज सिंहले ७ विगहा क्षेत्रफलमा गोलभेडा लगाएका छन् । उनी अहिले गोलभेडा बजार लाने की नलाने दुविधामा छन् । उनले भने, 'मैले ७ विगहा क्षेत्रफलमा गोलभेडा लगाएको छु । पाकेको गोलभेडा टिपेर बजार लाने कि नलाने दुविधामा छु । लगु टिप्ने र बजारलाने भाडा उठदैन, नलगु त्यसै कुहिएर जाने अवस्था छ ।' विउ, मल, सिंचाई, जोताई, गोडमेलको लागत समेत निस्कन मुस्किल हुने निरजले बताए । उनले भने, 'विउ देखि मलसम्म सवै महगो छ । हाम्रो उत्पादको मूल्य नै छैन । त्यसैले हाम्रो लगानी डुब्ने निश्चित छ ।' धनगढीमाई नगरपालिका ७ का किसान नसिवलाल यादवले बिहानै गोलबजार ल्याई पुऱ्याएको काउली अपरान्ह २ बजेसम्म विकेको थिएन । छ वटा बोरामा करिव चार क्विन्टल कोवी ल्याएको उनले प्रतिकेजी ६ रुपैयाँका दरले बेच्न तयार हुँदा पनि विक्रि भईरहेको थिएन । सँगै आएका अर्का किसान जागेश्वर यादव पनि उस्तै अवस्थामा थिए ।

गोलबजार २, गुरुधामकी सुनिता कुमारी सिंहले १० कट्ठा जग्गामा काउली खेती गरेकी छिन् । कडा मेहनत गरेर उत्पादित तरकारी बजार पुऱ्याउँदा लगानी पनि उठाउन सकिरहेकी छैनन् । उनका अनुसार काउली बेचेर आउने पैसाले यातायात खर्चसमेत उठ्दैन । त्यस्तै, गोलबजार २ गुरुधामकै अर्का किसान उदव थपलियाले ४ बिघामा काउली, करेला, भान्टा र खुर्सानी खेती गरेका छन् । अहिले भान्टाको मूल्य प्रतिकिलो ३-४ रुपैयाँ छ । यो मूल्यले

-बाँकी दुई पेजमा

## सिरहा बलात्कार घटना : अदालतबाट तीन जनामाथि ५ दिनको म्याद थप

**विनय आजाद**

सिरहा, १३ फाल्गुन । सिरहाको नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीया रिंकुकुमारी सदाको सामूहिक बलात्कार र शंकास्पद मृत्यु घटनामा तीन जनामाथि ५ दिनको म्याद थप भएको छ । प्रहरीले उनीहरूमाथि सोमबार सिरहा जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएको हो । प्रहरीले आइतबार यो घटनामा अनुसन्धानका लागि चार जनालाई नियन्त्रणमा लिएको थियो । तर, त्यसमध्ये एक जना निर्दोष पाइएपछि छाडिएको र स्थानीय चन्देश्वर मण्डल, रामविनोद मण्डल र कमलेश दासमाथि थप अनुसन्धानका लागि अदालतबाट पहिलोपटक पाँच दिनको म्याद लिएको प्रहरीले जनाएको छ । बलात्कार घटना सार्वजनिक भएपछि लेनदेन गरी मिलापत्र गराउने काममा उनीहरूको पनि संलग्नता प्रारम्भिक अनुसन्धानबाट देखिएको जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रवक्ता डीएसपी वीरेन्द्रकुमार पासवानले जानकारी दिए ।

तर, घटनाका मुख्य आरोपितहरू भने अझै पक्राउ पर्न सकेका छैनन् । घटना सार्वजनिक भएपछि प्रहरीले बलात्कारमा संलग्न तीन र पञ्चायती गरेर घटना गाउँमै मिलाउन खोज्ने पाँच गरी आठ जनाविरुद्ध पीडित परिवारबाट गत बिहीबार कर्तव्य

-बाँकी तीन पेजमा




## चन्दा संकलन गरेर गाउँलेले गराइदिए बिहे



**विनय आजाद**

सिरहा, १३ फाल्गुन । मधेशमा पछिल्लो समय विवाह भड्किलो बनेको छ । खासगरी बेहुली पक्षका लागि विवाह निकै महँगो र चिन्ताको विषय बन्दै आएको छ । यस्तो अवस्थामा सिरहाको मिर्चैयामा सोमबार सम्पन्न एक विवाहमा भने विल्कुलै फरक दृश्य देखियो । जहाँ बेहुलीको परिवारका सदस्य र आफन्त मात्र होइन, उनीहरु जत्तिकै सक्रिय देखिन्थे समाजका अन्य व्यक्तिहरु पनि । मिर्चैया नगरपालिका-६ स्थित सगरमाथा टोलमा भएको यो विवाहमा स्थानीयले भौतिक रुपमा उपस्थित भएरमात्र सघाएनन्, आर्थिक सहयोग पनि गरे । स्थानीय दलित समुदायका रामअशिष महरा आर्थिक रुपले कमजोर हुन् । उनको स्वास्थ्य पनि अनुकूल छैन । कक्षा १२ को पढाई सकेपछि उनकी छोरी निर्मला महराको गणेशमान चारनाथ नगरपालिका १ स्थित छघरियाका प्रदीप महरासँग विवाह तय भयो ।

विवाह तय भएको जानकारी पाएपछि स्वस्फूर्त रुपमा सहयोगका लागि अगाडि सरेका स्थानीयहरुले यो टोलसहित मिर्चैयाका अन्य करिब ६० जना व्यक्तिहरुसँग करिब दुई लाख रुपैयाँ र वैवाहिक सामग्री संकलन गरेर निर्मलाको परिवारलाई सहयोग गरे । 'रामअशिषजी बिरामी हुनुहुन्छ, उहाँको आर्थिक स्थिति कमजोर छ,' स्थानीय प्रदीपकुमार तिवारीले कान्तिपुरसित भने, 'त्यसैले विवाहमा आफूहरुले पनि सहयोग गर्नुपर्छ भन्ने लागेर हामीले सहयोग गर्यौं, किनकि छोरी भनेको समाजको गहना हो, छोरी कोही एक जनाको हुँदैन, सिंगो समाजको हुन्छ ।' यो

-बाँकी दुई पेजमा

## रक्तदान गरौं

- हाम्रो थोरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवन दान हो।
- आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## अमेरिकी सहायताका सम्बन्धमा श्वेतपत्र जारी गर

संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिमा पछिल्लोपटक निर्वाचित भएपछि डोनाल्ड ट्रम्पले प्रचलित 'विश्व व्यवस्था' मा नै उपथपुथल ल्याउन खोजेको देखिएको छ । यही क्रममा उनको प्रशासनले वैदेशिक सहयोगसम्बन्धी अमेरिकी निकाय युनाइटेड स्टेट एजेन्सी फर इन्टरनेसनल डेभलपमेन्ट (युएसएआईडी)खारेज गर्ने घोषणा गऱ्यो । आफ्नो प्रशासनको निर्णयको औचित्य पुष्टि गर्ने क्रममा ट्रम्पले युएसएआईडीले दिने गरेको कतिपय सहयोगलाई 'ठगी'को संज्ञासमेत दिए । त्यही सन्दर्भमा नेपालमा 'वित्तीय संघीयता' 'जैविक विविधता संरक्षण' जस्ता परियोजनालाई दिइने सहयोगलाई पनि उनले 'ठगी' भनेको समाचार सार्वजनिक भयो । यता नेपालमा भने ट्रम्पको दाबी पत्याएर राज्य र अमेरिकी सहयोग दुवैलाई उछित्तो काड्ने समूह बढी नै हौसियो । सामाजिक सञ्जालमा 'कान नछामी कागको पछि दगुर्ने'हरूको कोहोलो संसद्मा समेत ध्वनित हुनपुग्यो । मानौ, नेपाल राज्य नै ठगीमा लिप्त छ ।

तर, विश्वकै शक्तिशाली मानिने अमेरिकी राष्ट्रपतिले 'ठगी' को संज्ञा दिएको र यताका 'विचार निर्माता'हरूले पनि आँखा चिम्लेर पत्याएको ती परियोजनाहरू त सुरु भएकै रहेनछन् । नेपालको अर्थ मन्त्रालयका अनुसार ती परियोजनाहरू अहिले छलफलकै चरणमा भएकाले कुनै सहयोग प्राप्त भएको छैन । यसबाट के स्पष्ट हुन्छ भने समाजमा भ्रम फैलाउनेहरूको संख्यासँगै भ्रम फैलने क्रम पनि तीव्र गति र मात्रामा वृद्धि भएको छ । सूचना प्रविधिमा भएको विकासका कारण सत्य सम्प्रेषणमात्र होइन मिथ्या सूचना र दुष्प्रचारको स्रोत र वेग पनि निकै बढ्न पुगेको छ । नेपालको विकासमा लामो समयदेखि उल्लेखनीय सहयोग गर्दैआएको मित्रराष्ट्र संयुक्त राज्य अमेरिकाका जनताप्रति नेपालीहरू कृतज्ञ छन् । अमेरिकी सहयोग प्राप्त नभएको भए कतिपय क्षेत्रमा अहिले जति प्रगति हुने थिएन । आशा गरौँ, भविष्यमा पनि नेपाललाई अमेरिकी सहयोग प्राप्त भइरहनेछ ।

सुरु नै नभएको सहायता स्थगित हुँदैमा नेपाललाई खासै असर नपर्ला । सहायताका सम्बन्धमा चलाइएको भ्रम र मिथ्या प्रचारले भने राज्यका संयन्त्र र पात्रहरूप्रति जनतामा अविश्वास एवं आक्रोश बढाएको छ । जनमानसमा उत्पन्न यो अविश्वासबाट भने ठूलै क्षति हुनसक्छ । सरकारी संयन्त्रमा भने अझै पनि मध्ययुगीन मानसिकता छ । राजकाजका बारेमा जनतालाई सुसूचित गर्ने नभएर सकेसम्म सरकारी सूचना लुकाउने प्रवृत्ति शासन प्रशासनमा प्रचलित छ । भनिन्छ – सत्यको मुख थुनियो भने झुटको थुतुनो खुल्छ । नेपालका सन्दर्भमा पनि धेरैपटक यो कथन चरितार्थ हुनेगरेको छ । अमेरिकी सहायताका सम्बन्धमा जस्तै अरू पनि विभिन्न विषयमा विशेषगरी सामाजिक सञ्जालमा भ्रम फैलाउने प्रयत्न भइरहेको हुन्छ । समाजमा अराजक, परपीडक र छुद्र प्रकृतिका मनुवा पनि छन् तर तिनको विष समाजमा फैलन नदिने उपाय पनि छ । त्यो उपाय हो – शासकीय क्रियाकलापलाई सकेसम्म पारदर्शी, उत्तरदायी र पूर्वक्रियाशील बनाउने ।

यसक्रममा अमेरिकी सहयोगका सम्बन्धमा प्रश्न उठिसकेकाले सरकारले यथाशीघ्र एउटा श्वेतपत्र प्रकाशित गरेर विस्तृत जानकारी सार्वजनिक गर्नु उचित र आवश्यक देखिन्छ । साथै, भारत, चीन, जापान, बेलायत, युरोपियन युनियनलगायतका देशहरूबाट प्राप्त सहयोगका सम्बन्धमा पनि श्वेतपत्र जारी गरिएमा भ्रमको खेती गर्नेहरूले बाली काट्न पाउनेछैनन् । विगतका सहायताका हकमा यथाशीघ्र जनतालाई सुसूचित गर्नु उचित हुनेछ भने भविषयमा हुने सहयोगको छलफलसमेत पारदर्शी हुने संस्थागत प्रबन्ध नै बनाइयो भने त्यो शासनको लोकतन्त्रीकरणमा ठूलो फड्को हुनेछ । प्रशासनिक संस्कृतिमा सुधार गरेर संसदीय इतिहासको बलियो सरकारले शासन संयन्त्रलाई पारदर्शी र जवाफदेही बनाउने आँट गरोस् !

### चन्दा संकलन...

विवाहले समाजमा सामूहिकताको भावना पनि झल्काएको र यसलाई संस्कारको रुपमा विकास गर्न मद्दत पुग्ने उनको विश्वास छ । यहाँका स्थानीयदेखि जनप्रतिनिधि, व्यापारी, शिक्षकलगायतले यो विवाहमा आर्थिक र भौतक रुपमा उपस्थित भएर सहयोग गरेको स्थानीय दिलिप साहले बताए ।

समाजका व्यक्तिहरुले आफैं अग्रसरता लिएपछि आफूलाई धेरै सहज भएको रामअशिष बताउँछन् । 'हाम्रो लागि विवाह त चिन्ताकै विषय हुन्छ,' उनले भने, 'तर, मेरो छोरीको विवाहमा समाजले मलाई धेरै तनाव हुन दिएन, म नतमस्तक छु ।'

### किसानको ...

आफ्नो श्रम र लागत उठ्ने गुनासो छ । भारतीय बजारबाट अनियन्त्रीत रुपमा तरकारी भित्रीदाँ नेपाली उत्पादनले मूल्य नपाएको किसानहरुको गुनासो छ । उनीहरु भन्छन्, 'यहाँ हाम्रो भन्दा भारतीय बजारबाट धेरै तरकारीहरु निर्वाध रुपमा आउँछ । त्यसैले हाम्रो तरकारीले मूल्य पाईरहेको छैन ।' किसानहरू उत्पादन बढाउन रातदिन खटिए पनि उचित मूल्य नपाउँदा निराश छन् । उनीहरू सरकारसँग कृषि उपजको उचित मूल्य निर्धारण, बजार व्यवस्थापन, विउ, मलमा तथा यातायात सहुलियत चाहन्छन् ।

# किन पऱ्यो नेपाल सम्पत्ति शुद्धीकरणको खैरो–सूचीमा ?

**विजयकान्त धमला**

गैरकानुनी तवरबाट आर्जन गरेको सम्पत्तिको वास्तविक स्रोत लुकाउने, प्रकृति बदल्ने, कारोबार छल्ने र कानुनी स्रोतबाट प्राप्त भएको हो भनी देखाउने कार्य नै सम्पत्ति शुद्धीकरण हो । अर्थात् कालो धनलाई सेतो बनाउने कार्य नै सम्पत्ति शुद्धीकरण हो । यसमा गैरकानुनी स्रोतबाट उपार्जन गरेको सम्पत्तिको स्रोतलाई नै परिवर्तन गरेर कानुनी स्रोत बनाउने कार्य हुन्छ । यसले अशुद्ध वा गलत कार्यबाट उपार्जन गरिएको धन वा सम्पत्तिलाई शुद्ध गराउने वा उपयुक्त कार्यबाटै आर्जन गरिएको हो भन्ने देखाउने कुरालाई इङ्गित गर्छ । विशेषतः सम्पत्ति शुद्धीकरणको माध्यमद्वारा आतङ्कवादी क्रियाकलापमा समेत वित्तीय लगानी गरिन्छ । यस्तो कार्य व्यक्तिगत वा सङ्गठित रूपमा हुने गर्छ । व्यक्तिगतभन्दा सङ्गठित रूपमै बढी हुने गरेकाले यसलाई सङ्गठित अपराधका रूपमा समेत लिइन्छ । कुनै एउटा मुलुकको भौगोलिक वा राजनीतिक सीमा, एउटा वर्ग वा क्षेत्रभित्र मात्र सीमित नरहेर यो अपराध विश्वव्यापी रूपमै फैलिएको हुन्छ । त्यसैले सम्पत्ति शुद्धीकरण समकालीन विश्वको साझा चुनौतीको विषय हो । यसले मुलुकको वित्तीय प्रणालीको स्वरूप, अस्तित्व, साख र विकासमा नकारात्मक अवस्था सिर्जना गरी अन्ततः विश्व वित्तीय प्रणालीमा समेत असर पुऱ्याउने गर्छ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीलाई रोकथाम एवं निवारण गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयास भएका छन्, हुँदै आएका छन् । यस किसिमका कार्यहरूको रोकथाम र निवारण गर्नका लागि नेपालमा सम्पत्ति शुद्धीकरण निवारण ऐन– २०६४, सम्पत्ती शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली– २०७० जस्ता नीतिगत प्रावधान गरिएको छ । उक्त ऐनको तत्त्वावधानमा रहेर संस्थागत व्यवस्थाका रूपमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको गठन गरी विभिन्न ३२ वटा कसुरहरूको अनुसन्धान, अभियोजन गर्ने व्यवस्था गरिएको छ । हाल यो विभाग प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय मातहत रहेको छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको अनुसन्धान गर्न विभिन्न १३ वटा निकाय तोकिएका छन् । राजस्व परामर्श समितिको प्रतिवेदन– २०८१ ले सम्पत्ति शुद्धीकरणका सन्दर्भमा विभिन्न सुझाव समेत दिएको छ । विश्व समुदायबाट नेपाललाई सम्पत्ति शुद्धीकरणको जोखिम नरहेको देशका रूपमा मूल्याङ्कन हुने स्थिति बनाइराख्ने व्यवस्था नेपालको १६औँ पञ्चवर्षीय योजनामा समेत समावेश गरिएको छ ।

सन् १९८९ मा 'जी–सेभेन'का देशहरूको पेरिसमा सम्पन्न शिखर सम्मेलनले विश्वमा सम्पत्ति शुद्धीकरणको बढ्दो समस्यासँग सामूहिक रूपमा लड्न वित्तीय कारबाही कार्यदल 'फाइनान्सियल एक्सन टास्क' ('एफएटीएफ')को गठन गरेको थियो । यस कार्यदलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कार्य गर्नका लागि आपराधिक कार्यबाट आर्जित सम्पत्तिलाई कानुनी दायरामा ल्याउन विभिन्न ४० वटा सिफारिस र नौवटा विशेष सिफारिसहरू जारी गरेको छ । सम्पत्ति शुद्धीकरणको प्रवृत्ति अध्ययन गर्नेत्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका विधायिकी, वित्तीय तथा कानुनी गतिविधिहरू तथा यसको कार्यान्वयनको अनुगमन गर्ने प्रतिवेदन गर्ने एवं सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि सिफारिस एवं मापदण्डहरू जारी गर्नेजस्ता जिम्मेवारी कार्यदललाई प्रदान गरिएको थियो ।

'एफएटीएफ'ले जारी गरेका सिफारिस एवं विशेष सिफारिसहरू सदस्य राष्ट्रहरूका लागि बाध्यकारी हुने गर्छन् । परिवर्तित समय र समयको माग अनुसार यसले आफ्ना सिफारिसलाई अद्यावधिक गर्ने गर्छ । उदाहरणका रूपमा सन् २०१८ मा सिफारिस नम्बर १५ लाई अद्यावधिक गरेको थियो । 'एफएटीएफ'ले कालो र खैरो गरेर दुई किसिमका सूचीहरू जारी र प्रकाशित गर्ने गर्छ । मुलुकहरूमा रहेको भ्रष्टाचारको अवस्था, सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी, गैरवित्तीय क्षेत्रको नियमन, कार्यदलका सिफारिस र विशेष सिफारिसहरूको अनुपालना आदिका आधारमा राष्ट्रहरूलाई 'कालो वा खैरो–सूची' (ब्ल्याक अर ग्रे लिस्ट) मा राख्ने गर्छ । 'एफएटीएफ'ले उच्च जोखिममा रहेका देशहरूलाई कालो–सूचीमा र सुधारका लागि उच्च अनुगमनको दायरामा राख्नुपर्ने देशहरूलाई 'खैरो–सूची'मा राख्ने गरेको छ । यसर्थ कालो–सूची प्रतिबन्धित देशहरूको सूची हो भने खैरो–सूची उच्च निगरानीमा राखिएका देशहरूको सूची हो ।

सन् २०२५ को फेब्रुअरीमा फ्रान्सको पेरिसमा भएको कार्यदलको पूर्ण बैठकबाट नेपाललाई 'खैरो–सूची'मा राखिएको हो । नेपाल लगायत विभिन्न २६ वटा देश यस सूचीमा परेका छन् । यस्तै इरान, म्यानमार र उत्तरकोरिया 'एफएटीएफ'को कालो–सूचीमा परेका छन् । यसभन्दा अगाडि सन् २००९ देखि २०१४ सम्म पनि नेपाल 'खैरो–सूची'मा परेको थियो । एसिया प्यासिफिक ग्रुप (एपीजी) अफ मनी लाउन्डरिङले दुई वर्षअगाडि नै नेपालमा सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी पारस्परिक मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यदललाई बुझाएको थियो । सो प्रतिवेदन पारित गर्दै सन् २०२३ को अक्टोबरमा नेपाललाई एक वर्षको निगरानी अवधि दिइएको थियो । उक्त प्रतिवेदनले विभिन्न ४० वटा सुधारका क्षेत्रहरू तोकेको थियो । सुधारका लागि जुन क्षेत्रहरू तोकिएका थिए, त्यसमा सुधार हुन नसकेका कारण नेपाल खैरो–सूचीमा परेको हो ।

गैरवित्तीय क्षेत्रको नियमन हुन नसकेकोत्र आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानीलाई नेपालले ट्र्याकिङ गर्न नसकेकोत्र सम्पत्ति शुद्धीकरण जोडिएका मामिलाहरूको अनुसन्धान र जाँचबुझ गर्न नेपाल कमजोर देखिएकोत्र कानुनी सुधार भए पनि कार्यान्वयन पक्ष फितलो रहेकोत्र संस्थागत क्षमताको विकास हुन नसकेकोत्र राष्ट्र बैङ्क, धितोपत्र बोर्ड, बिमा प्राधिकरणजस्ता निकायबाट कमजोर निगरानी हुनुत्र सहकारी क्षेत्र तथा घर–जग्गा कारोबार माथिको न्यून निगरानी हुनुत्र सम्पत्ति शुद्धीकरणका सवालमा फितलो अनुसन्धान र अभियोजन पद्धतिजस्ता कारणहरू नै नेपाल 'एफएटीएफ'को खैरो–सूचीमा पर्नुको अन्तर्य हो । मुलुक सम्पत्ति शुद्धीकरणको खैरो–सूचीमा परिसकेपछि केही चुनौती, समस्या र जोखिमहरू अवश्य आउँछन् । नेपालबाट लाखौँ युवा वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा जाने गर्छन् । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण मुलुकको प्रमुख आय–स्रोत पनि हो । विदेशमा श्रम गर्ने वर्गले आफूले आर्जन गरेको धन सहज रूपमा मातृ मुलुकमा पठाउन सक्ने अवस्था बन्नुपर्छ तर मुलुक सम्पत्ति शुद्धीकरणको खैरो–सूचीमा परेपछि विदेशबाट नेपालमा विप्रेषण रकम पठाउन बढी खर्चिलो र झन्झटिलो हुन सक्छ । यसका साथै प्रतीतपत्र खोल्दा महँगो पर्ने, वस्तु निर्यातमा झन्झट हुने, वैदेशिक ऋण एवं अनुदानहरू घट्ने, प्रत्यक्ष वैदेशिक लगानीमा समस्या आउने अर्थात् नेपालमा प्रत्यक्ष वैदेशिक लगानी गर्न कोही पनि अनिच्छुक हुने, अन्तर्राष्ट्रिय व्यापारमा समस्या उत्पन्न हुने, अन्तर्राष्ट्रिय बैङ्किङ प्रणालीमा समस्या सिर्जना हुने, अन्तर्राष्ट्रिय वित्तीय कारोबारमा उच्च निगरानी हुने, अन्य राष्ट्रले हाम्रो देशलाई हेर्ने नजरमा समेत परिवर्तन आउन सक्ने जस्ता चुनौती एवं जोखिम हामीले बेहोर्नुपर्ने हुन सक्छ ।

सन् २०२५ को फेब्रुअरीबाट खैरो–सूचीमा परेको नेपाल अबको दुई वर्ष अथवा सन् २०२७ को जनवरीसम्म यो सूचीमा रहनेछ । मुलुकले गर्ने सुधारका कार्यका आधारमा खैरो–सूचीबाट बाहिर निस्किने वा 'डार्क ग्रे–लिस्ट'मा पर्ने वा 'ब्ल्याक–लिस्ट'मा पर्ने कुराको निर्क्योल हुन्छ । 'एफएटीएफ'ले तोकेको दुई वर्ष वा त्योभन्दा अगाडि नै सम्पत्ति शुद्धीकरणको ग्रे–लिस्टबाट मुक्त हुन नेपालले कार्ययोजना बनाई लागु गर्नुपर्छ । एक्सन प्लान बनाउने र 'एफएटीएफ'को महासभाबाट स्वीकृत एक्सन प्लान अनुसार कार्य गर्ने, सो अनुसारको कानुनी एवं नीतिगत व्यवस्था गर्ने, कानुनको कार्यान्वयन गर्न सक्ने संस्थागत संरचनाको व्यवस्था गर्ने र उक्त कानुनी एवं संरचनात्मक व्यवस्थामार्फत द्रूत गतिमा कार्य गरी सोको प्रगति प्रतिवेदन तीन–तीन महिनामा नियमित रूपमा कार्यदलमा पेस गर्नुपर्छ । यो बिचमा सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासनका क्षेत्रमा कार्य गर्ने, कार्यदलका सिफारिस एवं विशेष सिफारिसहरूको पूर्ण पालना गर्ने, गैरवित्तीय पेसा–व्यवसायलाई नियमन गर्ने, सम्पत्ति शुद्धीकरण निवारणका लागि अन्तर निकाय समन्वय र सहकार्य गर्ने, सहकारी तथा क्यासिनो र घरजग्गा कारोबारमा उच्च निगरानी राख्ने, बहुमूल्य धातुका व्यापारीहरूमाथि उच्च निगरानी राख्ने, आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय प्रवाहलाई रोक्ने, राजनीतिक प्रतिबद्धता व्यक्त गर्ने तथा कूटनीतिक पहलहरू गर्नेजस्ता कार्य गर्नुपर्छ । जसले नेपाललाई सम्पत्ति शुद्धीकरणको ग्रे–लिस्टबाट मुक्त गराई अन्य देशसरह बन्न सहयोग पुऱ्याउँछ ।

यसै सन्दर्भमा राजनीतिक प्रतिबद्धताहरू एवं सरकारी तवरबाट छिटै नेपाललाई ग्रे–लिस्टबाट मुक्त गर्ने गरी कार्यहरू गर्ने प्रतिबद्धता व्यक्त भएका छन् । साथै यस विषयलाई सरकारले उच्च प्राथमिकतामा राखेको र सबै सरोकारवालामा नेपाललाई ग्रे–लिस्टबाट बाहिर निकाल्न आ–आफ्नो भूमिका निर्वाह गर्न आह्वान समेत गरेको छ, यो सुखद् समाचार हो । अन्त्यमा, आपराधिक कार्यबाट सम्पत्तिको आर्जन हुने र आतंकवादी क्रियाकलापसम्म त्यो जोडिनेजस्ता जोखिमबाट मुलुकलाई पूर्ण रूपमा जोगाउन 'एफएटीएफ'को ग्रे–लिस्टलाई एउटा महत्त्वपूर्ण अवसरका रूपमा लिएर कार्य गर्ने हो भने नेपाल राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा वित्तीय रुपमा सक्षम मुलुक बन्न सक्नेछ । त्यसैले नपर्नु ग्रे–लिस्टमा परिसकेपश्चात् यसलाई अवसरका रूपमा लिएर कार्य गर्नु नै मुलुकको हितमा हुन्छ भन्ने विश्वास लिन सकिन्छ ।*(लेखक नेपाल सरकारका लेखा–अधिकृत हुन् ।)*



कविता

# मेहनतको उज्यालो



भोला यादव
रौतहट पेटभर्वा

पसिनाले भिजेको हात, कहिल्यै खाली जाँदैन,
मेहनत गर्ने मनले, असफलता देख्दैन।
गह्रौं भारी बोके पनि, सधैं मुस्कान रहन्छ,
मेहनतले जो बाटो बनाउँछ, त्यहाँ सफलता बहन्छ।
बीउ रोप्दैमा हुन्न, माटो जोत्नुपर्छ,
पानी, घाम सहेर, फल चाख्नुपर्छ।
त्यसै कसैलाई मिल्दैन यहाँ,
जो मिहिनेत गर्छ, उसैले जित्छ जहाँ।
तारा झिक्न सकिन्न, सपनाले मात्र,
तर मेहनतले पुल बाँध्छ, आकाशमा साँचै।
सूर्य दिनभरि जल्छ, अँध्यारोलाई हटाउन,
त्यसरी नै मिहिनेत गर, लक्ष्यलाई भेटाउन।
बसेर हेर्‍यो भने, समय पनि रुन्छ,
पाइला चाल्यो भने, हर एउटा मोड जुर्छ।
खाली हात कोही आएन, खाली हात कोही जाँदैन,
तर जो मेहनत गर्छ, ऊ कहिल्यै पछाडि पर्दैन।
पसिनालाई मूल्य देऊ, समयलाई खेर नफाल,
मेहनत गर्नेहरू कहिल्यै हाँस्न छोड्दैनन्,
सफलता एकदिन अवश्यै आँधीझैँ छाल ल्याउँछ,
किनकि मेहनत कहिल्यै खेर जाँदैन।

# ५६ बिघा जग्गा फिर्ता, ३१ करोड रुपैयाँमा मिलापत्र

**शंकर आचार्य**

पर्सा, १३ फाल्गुन । पर्सामा मिटरब्याजीविरुद्ध भएका कारबाहीमा ५६ बिघाभन्दा बढी जग्गा पीडितले फिर्ता पाएका छन् । त्यसैगरी, साहुको ५६ करोडभन्दा बढी माग दाबी रहेकामा ३१ करोड ६० लाख रुपैयाँभन्दा बढी मिलापत्र भई मिटरब्याजीपीडितले राहत पाएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार, मंगलबारसम्म ५ सय ७५ सोझै परेको उजुरी र जिल्ला प्रशासन कार्यालयबाट समेत प्राप्त १ हजार ६ सय ६३ गरी कुल २ हजार २ सय ३८ उजुरीमध्ये १ हजार ३ सय ३ उजुरीमा मिलापत्र भइसकेको छ । तीमध्ये प्रशासनमा २ सय २० र जिल्ला प्रहरीम १ हजार ८३ उजुरीमा मिलापत्र भएको हो । कुल उजुरीमध्ये ९ सय ६ मा मेलमिलाप हुन बाँकी छ । दर्ता भएका उजुरीउपर छानबिन गर्दा १४ पुरुष र २ महिला गरी १३ जना आरोपित पक्राउ परेका छन् । आरोपित २९ जनाउपर मुद्दा दर्ता भइसकेको छ ।बढीजसो कपाली तमसुक र दृष्टि बन्धकबाट पीडित भएकाहरुको उजुरी धेरै रहेको छ ।

संख्यात्मक रुपमा पर्सा प्रहरीले मधेश प्रदेशका अन्य जिल्लाको तुलनामा सर्वाधिक उजुरीको छिनोफानो गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी सुवास भट्टले दाबी गरे । सामान्यतया मिटरब्याजीले कसैलाई थोरै रकम दिएर त्यसबापतको कपाली तमसुक र दोब्बरीदेखि तेब्बरीसम्म बढीको बैक चेक धितोबापत राख्ने प्रवृत्ति रहेको छ । यस्ता अधिकांश घटनामा एकै व्यक्तिलाई धितोबापत सापट दिएको रकमको दोब्बरी तेब्बरीभन्दा पनि बढी रकम लेखेर कपाली तमसुक गराउने र बैंकको चेकसमेत लिएर हदैसम्म अन्याय गर्ने गरेको पाइन्छ । यस्ता घटनामा पछि ब्याजको रकम पनि साँवामा गाभेर ब्याजको मिटर कुदाउने चलन छ ।

कतिपय उजुरीकर्ता उजुरी गरिसकेपछि आफै सम्पर्कविहीन भएकाले समेत उनीहरुको उजुरीको हकमा छानबिन प्रक्रिया अघि बढाउन समस्या भएको भट्टले बताए ।राजीनामा पास गरी पीडक भनिएका व्यक्तिलाई दिइसकेको जग्गा पीडितलाई फिर्ता गराउन समस्या हुने गरेको उनी बताउँछन् । त्यसैगरी, अदालतबाट फैसला भइसकेका मुद्दामा पनि उजुरी पर्दा त्यसलाई प्रहरीले हेर्न नमिल्ने कानुनी जटिलता रहेको उनले बताए । पीडकहरु आफूविरुद्ध उजुरी परेलगत्तै अदालतमा निषेधाज्ञाको रिट हाल्ने प्रवृत्तिले पनि उजुरी उपरको छानबिन प्रक्रियामा जटिलता आउने गरेको उनको भनाइ छ । 'प्रहरीसमक्ष एकथरी सहमति गरेर जाने तर दुवै पक्ष घर पुगेपछि त्यो समहतिमा कायम नहुने प्रवृत्तिले पनि समस्या भइरहेको छ,' उनले भने ।

# एउटै सामुदायिक विद्यालयमा एकै परिवारका चार जनाको हालीमुहाली



रौतहट, १३ फाल्गुन । रौतहटको एउटा सामुदायिक विद्यालयमा एकै परिवारका चार सदस्य विभिन्न पदमा रहेको पाइएको छ । गुजरा नगरपालिका–५, ईशलाम्पुर गाउँमा रहेको श्री रहमान प्राथमिक विद्यालयमा एकै परिवारको हालीमुहाली देखिएको हो । सो विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा करिब एक दशकदेखि गुजरा–५, ईश्लामपुरका अवकास प्राप्त शिक्षक मजीबु रहमान छन् । विद्यालयको प्रधानाध्यापकमा उनकै छोरा महमद अफरोज आलम छन् । प्रधानाध्यापक अफरोजको छोरी गुलशन नेसा शिक्षिकाका रूपमा कार्यरत छिन् भने आफरोजकै पत्नी सबरिन खातुन पियन छिन् ।

विद्यालयमा बढेको बेथितिलाई स्थानीयवासीले सोमबार पत्रकार सम्मेलनमार्फत उजागर गरे । स्थानीय समाजसेवी तथा नेपाली कांग्रेसका जिल्ला सहसचिव फिरोज आलमका अनुसार मजीबु रहमान लक्ष्मीपुर प्राविमा कार्यरत हुँदा रहमान प्राविको व्यवस्थापन समितिको अध्यक्षमा उनकै परिवारका अन्य सदस्य थिए । उनले अवकाश पाएपछि एक दशक यता विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहँदै आएको आलमले बताए ।२०७४ सालको स्थानीय तह निर्वाचनपछि गुजराका नगर शिक्षा संयोजक शिवमंगल साहकै मिलोमतोमा रहमान प्राविका प्रधानाध्यापक अफरोजले लाखौं भ्रष्टाचार गरेको आरोप पत्रकार सम्मेलनमा स्थानीयवासीले लगाए ।

रहमान प्राविमा हाल कक्षा १ देखि ५ सम्म झण्डै १५० जना विद्यार्थी अध्ययनरत छन् तर शिक्षा संयोजकसँग मिलेर प्रधानाध्यापक अफरोजले विधार्थी संख्या ३६० देखाएर नगरपालिकाबाट सम्पूर्ण सुविधा लिँदै आएको आलमले बताए । विद्यालयको समिति र विद्यार्थी संख्या लगायत अन्य जानकारीका लागि पटकपटक गुजरा नगर शिक्षा संयोजक शिवमंगल साहलाई भन्दा बेवास्ता गरेको उनको आरोप छ । कक्षा १ देखि ५ सम्मका प्रति विद्यार्थी खाजा बापत दैनिक १५ रुपैयाँ, पाठ्यपुस्तक सरदर ५०० रुपैयाँ र छात्रवृत्ति छात्रा सम्पूर्ण र दलित छात्रालाई सरकारले ४०० रुपैया दिँदै आएको छ । यसरी आउने अनुदान दुरुपयोग गर्नकै लागि विद्यार्थी संख्या बढाएर देखाइएको स्थानीयको आरोप छ ।

पत्रकार सम्मेलनमा सहभागी वडा ५ का अध्यक्ष शेख जमाजुदिनले प्रधानाध्याक अफरोजले विद्यालयको सम्पूर्ण रजिस्टर लुकाएर राखेको बताए । विद्यालयमा पटकपटक अनुगमन गर्दा कुनै रजिस्टर नभेटेको र समिति गठनका लागि २ वर्षदेखि प्रयास गर्दागर्दै केहीदिन अघि ४ जना सदस्य छनोट भए पनि प्रधानाध्यापकको बदमासीले पूर्णता नपाएको उनले प्रस्ट पारे । समितिलाई पूर्णता दिन आइतबार विद्यालयमा अभिभावक भेला हुँदा प्रधानाध्यापकका परिवारका मानिसहरूले मजीबु रहमान जग्गादाता भएकाले पुनः अध्यक्ष हुनुपर्ने भन्दै होहल्ला गरेपछि भेला नै स्थगित गरिएको वडा अध्यक्ष जमालुदिनको भनाइ छ । उता नगर शिक्षा संयोजक शिवमंगल साह भने जिम्मेवार व्यक्तिमाथि यस्ता आरोप लाग्नु सामान्य भएको बताउँछन् । आफूहरूले कुनै गलत काम नगरेको उनको दाबी छ ।

तर गुजरा नगरपालिकाका मेयर सन्तलाल चौधरीले रहमान प्राविसँगै अन्य कयौं विद्यालयमा बेथिति देखिनुमा शिक्षा संयोजक शिवमंगल साह नै जिम्मेवार रहेको आरोप लगाए । रहमान प्राविको व्यवस्थापन समिति गठन लगायत अन्य गतिविधिको बारेमा पटकपटक निर्देशन दिँदा शिक्षा संयोजक साह विभिन्न बहाना बनाएर फुत्किने गरेको मेयर चौधरीको भनाइ छ । विद्यालयका प्रधानाध्यापक अफरोज आलमले विद्यालयमा कुनै अनियमितता नभएको दाबी गरेका छन् । आफूहरूमाथि निराधार आरोप लगाइएको उनको भनाइ छ ।

## *सिरहा बलात्कार...*

ज्यान, शरीर बन्धक, जबर्जस्ती करणी र आत्महत्या दुरुत्साहनको पूरक जाहेरी लिएको थियो । उनीहरूको मधेश प्रदेश प्रहरी, जिल्ला प्रहरी र लहानको इलाका प्रहरीको तीन वटा टोलीले खोजी गरिरहेको घटना छानबिन टोलीका संयोजक प्रदेश प्रहरीका एसएसपी शान्तिराज कोइरालाको भनाइ छ । गत माघ २७ को राति शौच गर्न बाहिर निस्केकी रिंकुकुमारी गाउँकै रूपेश मण्डल, चन्दन साह र रामविनय मण्डलको अपहरणपछि सामूहिक बलात्कारमा परेका थिइन् । तर, पीडितलाई प्रहरीमा पठाउनुको साटो वडासदस्य नथुनी साह, रामपुकार मण्डल, रामपृत साह, रामकृपाल मण्डल, विन्देश्वरलगायतले घटना गाउँमै मिलाउन पञ्चायती गरेका थिए ।

माघ २९ र ३० मा गाउँकै दलानमा भएको पञ्चायतीले पीडकबाट १ लाख ४० हजार जरिवाना भराउने र पीडितलाई प्रहरीमा जान नदिने निर्णय गरेको थियो । तर, पञ्चायतीमा आरोपितका आफन्त बीच नै पैसा तिर्ने विषयमा विवाद भएको थियो । त्यसपछि किशोरी ३० गते साँझ आफ्नै घरमा झुन्डिएको अवस्थामा मृत भेटिएकी थिइन् ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो । समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो । छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ ।


बरियारपट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
मधेश प्रदेश, नेपाल

नसर्ने रोगहरुको पहिचानका लागि
एक महिने अभियान
फागुन २०८१

नेपालमा मृत्यु र अपाङ्गताको मुख्य कारणका रूपमा रहेको नसर्ने रोगको बढ्दो जोखिमलाई ध्यानमा राखी यहि फागुन महिनाभर नसर्ने रोगहरूको रोकथाम, प्रारम्भिक पहिचान, र व्यवस्थापनका लागि देशव्यापी अभियान सञ्चालन हुँदैछ ।

यदि तपाईंको उमेर ३० वर्षभन्दा माथि छ भने नजिकैको वा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई यी जाँचहरु गराई आफ्नो स्वास्थ्य अवस्था थाहा पाउनुहोस् र स्वास्थ्य प्रतिको आफ्नो जिम्मेवारी पुरा गर्नुहोस् ।

- मधुमेह जाँच (रगतमा चिनीको मात्रा परीक्षण)
- मिर्गौला सम्बन्धी रोगको जाँच
- रक्तचाप (ब्लडप्रेसर) मापन
- उचाइ र तौलको आधारमा BMI मापन

यो अभियान देशभरका स्थानीय तह अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा सञ्चालन हुँदैछ ।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।



लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)
लहान, सिरहा
मधेश प्रदेश, नेपाल

न्यूनतम रोजगारीमा संलग्न हुनको लागि आवेदन दिने बारे सूचना ।

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष २०८२/०८३ मा लहान नगरपालिकामा रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बरावरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखि ५९ वर्ष भित्र उमेर समुहका बेरोजगार व्यक्तिहरु बाट २०८१ फाल्गुन १ गते देखि २०८१ फाल्गुन मसान्त भित्रमा आफूले स्थायी बसोवास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सुचीमा सुचिकृत गराउन हुन अनुरोध छ। गत आ.व.मा फारम भरि सकेकाहरुले समेत आ.व. २०८२/०८३ काम गर्न ईच्छुक भएमा पूनः फारम भर्नुपर्ने छ। यस सम्बन्धी विस्तृत जानकारी रोजगार सेवा केन्द्र, लहान नगरपालिकाबाट प्राप्त गर्न सकिने छ।

नोटः– *निवेदन दिन आउँदा आफ्नो परिवारको सम्पूर्ण सदस्यहरुको नागरिकता प्रमाण पत्रको स्पष्ट देखिने प्रतिलिपि, नागरिकता नभएको खण्डमा जन्मदर्ताको प्रतिलिपि, महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्य स्थानिय निकाय वाट बसाईसराई गरी आएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि निवेदन साथै संलग्न राख्नुहुन अनुरोध छ साथै फारम फोटो सहित विवरणहरु पूर्ण रुपमा भरी निवेदकको सहीछाप भएको र वडा अध्यक्ष वाट प्रमाणित भएको हुनुपर्दछ।*

# तेस्रो पुस्तामा बरमझियाको पेडा



**धीरेन्द्रप्रसाद साह**

जनकपुर, १३ फाल्गुन । पूर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको बरमझियाको हावामा मिठो सुगन्ध आउँछ । ६० वर्षअघि बैजनाथ साहका बुबाले खाजा पसलको सुरुवात गर्दा थालेको पेडाको सुगन्ध अहिले पनि जीवन्त बनेको हो । त्यसबेलाको उत्पादन सामान्य पेडा अहिले देशकै प्रतिष्ठित ब्रान्ड बनेको छ । त्यसकै नाममा अहिले लाखौँको कारोबार र रोजगारी बढाएको छ । बरमझिया पेडाको नाम मात्र होइन, यसको स्वाद र गुणस्तरले पनि नेपाल र भारतका विभिन्न स्थानमा व्यापक नाम कमाएको छ । बरमझियामा अहिले सडक किनाराका दायाँबायाँ घरैपच्छिे पेडा पसल छन् । ती सबैमा कतै न कतै बाजे र पेडा शब्द जोडिएका हुन्छन् । बाजे भनेको तेस्रो पुस्ताअघिको नाता हो । त्यही ब्रान्ड बनेको बाजे बैजनाथ पेडा पसल तेस्रो पुस्तामा पुस्तान्तरण भएको छ । २०६९ साउन १८ गते उहाँको निधनपछि छोराले समालेको पेडा पसल अहिले नातिले निरन्तरता दिइरहेका छन् ।

कञ्चनरूप नगरपालिका–२, बरमझियास्थित श्री बैजनाथ साह पेडा भण्डारको नामले सञ्चालन गरेको पेडा पसल बैजनाथको स्वर्गवासपछि दुई छोरामध्ये कान्छो अवकाश प्राप्त शिक्षक राजकुमार साहले निरन्तरता दिइरहनुभएको थियो । पछि राजकुमारले पनि आफ्नो दुई छोरामध्ये जेठो छोरा विवेकलाई पेडा पसल सञ्चालनको सम्पूर्ण जिम्मेवारी सुम्पिएदेखि निरन्तरता दिएको छ । बैजनाथको पेडा पसलको कहानी सानो खाजा पसलबाट सुरु भएको थियो । उनका बुवा स्व. अकल साह विसं २०१० आसपास कोशीटप्पु किनार बरमझियामा चना, चिउरा र कचरी जस्ता साधारण परिकार बेच्ने पसल चलारहेको थियो । भारतको विहार भ्रमण गर्ने क्रममा बैजनाथले पेडा बनाउने कला सिकेर फर्किएपछि त्यस पसलबाटै पेडा व्यवसायको सुरुवात गरेको थियो । विसं २०१२/१३ मा साहले करिब एक सय रुपियाँको लगानीमा पेडा बनाउँदै व्यापार सुरु गरेको थियो । बरमझियाको पेडा स्थानीय मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा पनि प्रख्यात छ । यहाँ करिब एक सय पेडा पसल सञ्चालनमा छन् । जसमा उपभोक्तालाई आकर्षित गर्न 'असली', 'पुरानो', 'बुढो', र 'वैजनाथ' जस्ता शब्दहरूको प्रयोग गरिएको हुन्छ ।

यद्यपि बैजनाथ साहको पेडा मात्रै असली मानेर सबैले विश्वास गरेका छन् । पेडा व्यवसायको प्रभाव भनेको केवल यसको आर्थिक पक्षमा छैन । यसले हजारौँलाई रोजगारी र स्वरोजगारीका अवसरहरू प्रदान गरेको छ । प्रत्येक पेडा पसलमा औसत चारदेखि आठ जनासम्म कामदार खटिन्छन्, जसले स्थानीय आर्थिक संरचनामा सकारात्मक प्रभाव पारेको छ । पेडा बनाउन शुद्ध दुध र खुवाको प्रयोग गरिन्छ । बरमझियाका राजेन्द्र साहका अनुसार एक क्विन्टल दुधबाट २० किलो पेडा मात्र तयार हुन्छ । एक पसलमा दैनिक औसत ५० देखि ७० किलो पेडा बिक्री हुन्छ । प्रतिकिलो पेडा एक हजार रुपियाँमा बिक्री हुन्छ । यसरी एउटा पसलले दैनिक ५० हजार रुपियाँसम्मको पेडा बिक्री गर्छ । बरमझियाका पेडा पसलहरूमा एकसाथ ५० लाख रुपियाँको पेडा बिक्री भई आर्थिक कारोबार भइरहेको छ । यसका लागि दैनिक ४० हजार लिटर दुधको खपत हुन्छ, जसको मूल्य प्रतिलिटर ७० देखि ८० रुपियाँसम्म पर्छ ।

बरमझियाको पेडा व्यवसायसँग सम्बन्धित गाईभैँसीपालन र दुग्ध संकलन केन्द्रहरूमा पनि वृद्धि देखिएको छ । पेडा उत्पादनका लागि आवश्यक दुधको आपूर्ति बढाउने उद्देश्यले, फत्तेपुर, महुलीलगायतका दुग्ध संकलन केन्द्रसँग साझेदारी गरिन्छ । यसबाट किसान र दुग्ध संकलन केन्द्रको व्यापार पनि वृद्धि भएको छ । पेडा व्यवसायले कामदारलाई मात्र रोजगार दिएको छैन, बरमझिया, वरपरका गाउँमा गाईभैँसीपालन र दुध उत्पादनलाई पनि उत्साहित गरेको छ । यसले बृहत्तर स्तरमा आर्थिक समृद्धि ल्याएको छ । लाखौँ लिटर दुधको खपत भएकाले गाईभैँसीपालक किसानले पनि आफ्नो आय बढाएका छन् ।

कृषि विश्वविद्यालय विवाद :

# रजिस्ट्रारको आर्थिक कारोबार नखोस्न अदालतको आदेश

**अवधेशकुमार झा**

राजविराज, १३ फाल्गुन । मधेश कृषि विश्वविद्यालयका रजिस्ट्रार र आर्थिक प्रशासन प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुने विश्वविद्यालयको कोष खाता तत्काल कायम राख्न उच्च अदालत जनकपुरले मधेश प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाममा मंगलबार आदेश दिएको छ । मधेश कृषि विश्वविद्यालय ऐन २०७९ (प्रदेश कृषि विश्व विद्यालय अध्यादेश २०७८ लाई प्रतिस्थापन गरेको) को दफा २० बमोजिम ५ वर्षको कार्यावधि रहने गरी २०७८ चैत १३ गते मा श्रीभगवान ठाकुर रजिस्ट्रार पदमा कार्यरत देखिएकामा ऐनको दफा २४ बमोजिम प्रक्रिया पूरा गरी जिम्मेवारीविहीन बनाएको नदेखिएको आदेशमा उल्लेख छ । कुनै कारण रजिस्ट्रार पद रिक्त भएको वा जिम्मेवारी बहन गर्न नसकेको अवस्थामा ऐनको दफा २३ बमोजिम कसैलाई जिम्मेवारी तोक्ने अधिकार उपकुलपतिलाई हुने र कृषि विश्वविद्यालय नियमावली २०८० को नियम १८८ मा कोष खाताको सञ्चालन रजिस्ट्रार र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट हुने भन्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा २०८१ फागुन ६ मा जारी अल्पकालीन आदेशको सान्दर्भिकता रहेको आदेशमा उल्लेख छ ।Agricultural University ControversyM Court order not to confiscate registrar's financial dealings उच्च अदालत जनकपुरका न्यायाधीश नरीश्वर भण्डारी र ओमप्रसाद अर्यालको इजलासले रिटको अन्तिम टुंगो नलागेसम्म फागुन ६ मा जारी अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको उल्लेख छ । आफू रजिस्ट्रार भए पनि ऐनले तोकेको अधिकारविपरीत आर्थिक कारोबार अन्यलाई तोकिएको भन्दै त्यसविरुद्ध कृषि विश्व विद्यालयका रजिस्ट्रार श्रीभगवान ठाकुर उच्च अदालत पुगेका थिए । मधेश प्रदेश शिक्षा तथा संस्कृतिमन्त्री, विश्वविद्यालयकी सहकुलपति एवं विश्वाविद्यालय सभाकी अध्यक्ष रानी शर्मा तिवारीले विश्वविद्यालय सभाको पुस १६ को निर्णय भन्दै विश्वविद्यालयको आर्थिक कार्य गर्न शिक्षा तालिम केन्द्र बाराका प्रमुख महेन्द्र महतोलाई जिम्मेवारी दिएकी थिइन् ।

# अपराध अनुसन्धानका लागि आधुनिक प्रविधिको उपयोग आवश्यक छ : मुख्यमन्त्री सिंह

जनकपुर, १३ फाल्गुन । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अपराध अनुसन्धान पद्धतिलाई गुणस्तरीय, प्रभावकारी र परिणाममुखी बनाउन आधुनिक प्रविधिको अधिकतम उपयोग गरिनुपर्ने बताएका छन् । नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग एवम् मधेश प्रहरी कार्यालय जनकपुरधामद्वारा मंगलबार आयोजित अपराध अनुसन्धानसम्बन्धी समस्या र समाधान विषयक प्रदेशस्तरीय समीक्षा गोष्ठीलाई सम्वोधन गर्दै यस्तो बताएका हुन् । उनले अपराध अनुसन्धानको सुक्ष्मता, सघनता, तीव्रता र तटस्थताबाट मात्र सही न्याय निरूपणका लागि ठोस तथा निश्चयात्मक आधार तय हुने हुँदा प्रहरीले अनुसन्धान पद्धतिलाई आवश्यकताअनुसार वैज्ञानिक तथा प्रविधिमैत्री बनाउँदै जानुपर्ने औंल्याए ।

उनले समयक्रमसँगै अपराधका प्रकृति र आयाममा बदलाव आउँदै गएको र यसले अनुसन्धान कार्यलाई निकै जटिल बनाएको हुँदा अनुसन्धान कार्यमा उपलब्ध प्रविधिको उपयोगबाट सही विश्लेषण प्राप्त हुनेगरी प्रहरी जनशक्तिलाई दक्ष बनाउनुपर्ने उल्लेख गरे । उनले अनुसन्धानमा चुक हुँदा निर्दोष व्यक्तिले सजाय पाउने तथा दोषीले उन्मुक्ति पाउने दुर्भाग्यपूर्ण अवस्था निम्तिने जोखिम रहेको भन्दै त्यस स्थितिबाट पार पाउन अपराध अनुसन्धानका लागि कानुनद्वारा निर्धारित नेपाल प्रहरीलाई थप सशक्त बनाउनुपर्ने बताए । मुख्यमन्त्री सिँहले भने, "प्रदेश सरकार प्रहरीलाई साधनस्रोत सम्पन्न बनाउन प्रतिबद्ध छ ।" शान्तिसुरक्षा तथा अमनचयन कायम गर्न नेपाल प्रहरीका लागि निर्धारित भूमिकालाई अझ बलियो, बिस्तारित र सक्षम बनाउन प्रदेश सरकारको संवैधानिक दायित्व नै भएको चर्चा गर्दै उनले मधेश प्रदेशका आठवटै जिल्लामा भइरहेका अपराधका अनुसन्धान प्रक्रियाका बारेमा गहन विमर्श गरी विद्यमान कमीकमजोरी हटाउन मजबुत प्रयास हुनुपर्ने बताए । उनले भने, "सबै जिल्लाका अपराधसम्बन्धी तथ्याङ्क एक ठाउँमा ल्याउनुस्, तिनमा भएका अनुसन्धानका सबै पाटा केलाउनुस् अनि प्रगतिमा देखिएका चुनौतीलाई सामना गर्न कार्यनीति बनाउनुस् । यसले प्रहरी संगठनको कार्य र छवि दुबै अब्बल हुनेछन् ।"






## गोलबजार नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**गोलबजार, सिरहा**

**मधेश प्रदेश,नेपाल**

**न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।**

**मिति २०८१।११।११**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ (१) र यस कार्यक्रमको मिति २०८१/११/०६ गतेको सूचना बमोजिम अगामी आ.व. २०८२/८३ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बञ्चित बेरोजगार व्यक्तिहरूलाई प्रदान गरिने १०० (सय) दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न गराई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न सक्ने १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका ईच्छुक बेरोजगार व्यक्तिहरूले बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरूसहित मिति २०८१ फाल्गुन महिना भरीमा तोकिएको दाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरू:-**

१. निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ प्रति,
२. निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपि १ प्रति,
३. निवेदकको फोटो १ प्रति,
४. परिवारमा रहेका व्यक्तिहरूको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति.
५. बसाईसराई भएको भए सो को प्रमाण पत्रको प्रतिलिपि १ प्रति।

**जानकारी:**

१. निवेदनको फारम सम्बन्धित वडा कार्यालयहरू, रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np मा उपलब्ध छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादक : कमलेश कुमार यादव, सह-सम्पादक : सत्य नारायण चौधरी, प्रवन्धक : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)